# कच्चा पदार्थ खपत नर्म्स निर्धारण तथा पुनरावलोकन सम्बन्धी मापदण्ड, २०८१

(मिति २०८१ साउन १६ गते बसेको औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्डको २४२औं बैठकबाट स्वीकृत)

**पृष्ठभूमिः** उद्योग विभागको कार्य सञ्चालन दिग्दर्शन, २०७३ बमोजिम विभागबाट कच्चा पदार्थ खपत नर्म्स निर्धारण तथा पुनरावलोकन सम्वन्धी कार्य हुने गरेकोमा औद्योगिक तथा लगानी प्रवर्धन बोर्डको मिति २०८०/१२/३० मा बसेको २४१ औं बैठकको निर्णयबाट कच्चा पदार्थको खपत नर्म्स निर्धारण तथा पुनरावलोकन गरिएको र औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा २९ खण्ड (ड) मा रहेको "प्रचलित कानून बमोजिम स्थापना भएको उद्योगले स्वीकृत कच्चा पदार्थ खपतको क्षमता अनुसार कच्चा पदार्थ प्रयोग गर्दा खेर जाने कच्चा पदार्थ (जर्ति) को मापदण्ड उद्योग दर्ता गर्ने निकायले तोक्न सक्ने" भन्ने व्यवस्थालाई कार्यान्वयन गर्न औद्योगिक तथा लगानी प्रवर्धन बोर्डको २४२ औं बैठकले "कच्चा पदार्थ खपत नर्म्स निर्धारण तथा पुनरावलोकन सम्वन्धी मापदण्ड, २०८१" स्वीकृत गरेको छ।

## १ मापदण्डको क्षेत्रः

यो मापदण्ड उद्योगमा वस्तु उत्पादन गर्दा कच्चा पदार्थ खपत तथा खेर जाने मात्रा (जर्ति) कायम गर्ने प्रयोजनका लागि लागू हुनेछ।

## २ कच्चा पदार्थ खपत नर्म्स निर्धारण तथा पुनरावलोकनका आधारः

कच्चा पदार्थ खपत नर्म्स निर्धारण तथा पुनरावलोकन गर्दा देहाय बमोजिमका विषयलाई आधार लिईनेछः-

(क) सम्वन्धित उद्योगबाट उद्योग विभागमा पेश भएका कागजातहरूको विश्लेषण।

(ख) आवश्यकता अनुसार उद्योग निरीक्षण प्रतिवेदन।

(ग) कच्चा पदार्थको गुणस्तर, उत्पादन प्रकृयामा प्रयोग हुने प्रविधि, उत्पादित वस्तुको गुण आदिको विश्लेषण।

(घ) आवश्यकता अनुसार सम्वन्धित सन्दर्भ सामाग्रीहरूको अध्ययन।

(ङ) अन्य सम्वन्धित निकायहरूबाट प्रकाशित सामाग्रीहरू।

३ कच्चा पदार्थ खपत नर्म्स निर्धारण तथा पुनरावलोकन सिफारिश समिति :

(क) उद्योग विभागमा देहाय बमोजिमको कच्चा पदार्थ खपत नर्म्स (जर्ति कायम) निर्धारण तथा पुनरावलोकन सिफारिस समिति रहने छः

(१) निर्देशक, योजना, अनुगमन तथा औद्योगिक तथ्याङ्क शाखा, उद्योग विभाग - संयोजक

(२) निर्देशक, प्रविधि तथा वातावरण शाखा, उद्योग विभाग - सदस्य

(३) निर्देशक, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण शाखा, उद्योग विभाग - सदस्य

(४) मेकानिकल इन्जिनियर, योजना, अनुगमन तथा औद्योगिक तथ्याङ्क शाखा, उद्योग विभाग - सदस्य

(५) तथ्याङ्क अधिकृत, योजना अनुगमन तथा औद्योगिक तथ्याङ्क शाखा, उद्योग विभाग- सदस्य

(ख) समितिमा आवश्यकता अनुसार विषय विज्ञहरु आमन्त्रित गर्न सकिनेछ।

४ कच्चा पदार्थ खपत नर्म्स निर्धारण तथा पुनरावलोकनको निर्णय गर्दा अवलम्बन गरिने प्रक्रिया :

(क) कच्चा पदार्थ खपत नर्म्स निर्धारण तथा पुनरावलोकनको लागि दफा ५ को खण्ड (क) र (ख) बमोजिमका कागजातसहित उद्योगबाट निवेदन प्राप्त भए पछि विभागले देहाय बमोजिमको प्रक्रिया अवलम्वन गर्ने छ:-

(१) निवेदन र कागजातहरूको जाँचवुझ तथा अध्ययन गर्ने,

(२) सन्दर्भ सामाग्री, अध्ययन प्रतिवेदनहरूको अध्ययन गर्ने,

(३) स्थलगत अनुगमन तथा निरीक्षण प्रतिवेदन,

(४) कच्चा पदार्थ खपत नर्म्स निर्धारण तथा पुनरावलोकन समितिले गरेको सिफारिस बमोजिम योजना, अनुगमन तथा औद्योगिक तथ्याङ्क शाखाबाट स्विकृतिका लागी महानिर्देशक समक्ष पेश गर्ने,

(५) महानिर्देशकबाट निर्णय,

(६) निर्णयको सम्बन्धित उद्योगलाई जानकारी।

(ख) माथि खण्ड (क) बमोजिमको प्रक्रियाको फ्लो चार्ट अनुसूची १ मा समावेश गरिएको छ।

## ५ उद्योगले कच्चा पदार्थ खपत नर्म्स निर्धारण तथा पुनरावलोकन

(क) कच्चा पदार्थ खपत नर्म्स निर्धारण गर्नको लागि आवेदकले निम्नानुसारका कागजातहरू पेश गर्नु पर्नेछः-

| क.सं. | कागजातहरू |
|---|---|
| १ | उद्योगको अनुसूची -२क बमोजिमको आवेदन |
| २ | पूर्णरूपमा भरिएको विवरण सहितको अनुसूची -३ बमोजिमको फारम |
| ३ | उद्देश्य र क्षमता स्पष्ट खुल्ने उद्योग दर्ता प्रमाणपत्रको प्रतिलिपि |
| ४ | कच्चा पदार्थको गुणस्तर र उत्पादन प्रक्रियाको प्रविधि सहितको विवरण |
| ५ | पछिल्लो दुई आर्थिक वर्षको उत्पादन र कच्चा पदार्थ खपत विवरण |
| ६ | पछिल्लो दुई आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि |
| ७ | कच्चा पदार्थ खरिद तथा आयात प्रमाणपत्रको प्रतिलिपि |

(ख) कच्चा पदार्थ खपत नर्म्स पुनरावलोकन गर्नको लागि आवेदकले निम्नानुसारका कागजातहरू पेश गर्नुपर्ने छः-

| क.सं. | |
|---|---|
| १ | कच्चा पदार्थ खपत नर्म्स पुनरावलोकनको औचित्य पुष्ट्याईं सहितको अनुसूची -२ख बमोजिमको आवेदन |
| २ | पूर्णरूपमा भरिएको विवरण सहितको अनुसूची -३ बमोजिमको फारम |
| ३ | उद्देश्य र क्षमता स्पष्ट खुल्ने उद्योग दर्ता प्रमाणपत्रको प्रतिलिपि |
| ४ | कच्चा पदार्थको गुणस्तर र उत्पादन प्रक्रियाको प्रविधि सहितको विवरण |
| ५ | पछिल्लो दुई आर्थिक वर्षको उत्पादन र कच्चा पदार्थ खपत विवरण |
| ६ | पछिल्लो दुई आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि |
| ७ | कच्चा पदार्थ खरिद तथा आयात प्रमाणपत्रको प्रतिलिपि |

| | |
|---|---|
| ८ | यस अघि कायम भएको नर्म्स सम्वन्धी विभागको पत्रको प्रतिलिपि |

## ६ अस्थायी कच्चा पदार्थ खपत नर्म्स निर्धारण गर्ने अवस्था

(१) उद्योगवाट एक वर्ष भन्दा कम अवधिको उत्पादन तथा कच्चा पदार्थको विवरण मात्र उपलव्ध भएमा,

(२) उत्पादन प्रक्रियाका विभिन्न अवयवमा स्थिरता नभई उत्पादनमा एकरुपता कायम हुन नसकेमा,

(३) सम्वधित सन्दर्भ सामाग्रीहरूको अभावमा तथ्याङ्कीय विश्लेषण गर्न नसकिएमा,

## ७ विविध

(क) प्रविधि, मेसिनरी तथा कच्चा पदार्थमा सारभुत रूपमा फरक नपरेमा एकवर्ष भित्र सामान्यतया निर्धारित नर्म्स हेरफेर गरिने छैन।

(ख) कच्चा पदार्थ खपत नर्म्स निर्धारण गर्दा विभागले आवश्यकता अनुसार शर्तहरू तोक्न सक्ने छ।

(ग) निर्धारण गरिएको कच्चा पदार्थ खपत नर्म्स वमोजिम नभएको पाइएमा विभागले जुनसुकै बखत खारेज वा पुनरावलोकन गर्न सक्ने छ।

(घ) विभागले जारी गर्ने अस्थायी नर्म्सको म्याद दुई वर्षको हुनेछ । उद्योगको माग वमोजिम अस्थायी नर्म्सको म्याद थप गर्नुपरेमा वढिमा एक वर्षको लागि म्याद थप गर्न सकिनेछ।

(ङ) अस्थायी नर्म्सको म्याद समाप्त भइ म्याद थपको लागि निवेदन दिदा दफा ५ को खण्ड (क) र (ख) मा उल्लेख भए अनुसारको कागजातहरू पेश गर्नु पर्ने छ।

(च) यो मापदण्डको कार्यान्वयन सम्बन्धमा मन्त्रालयले अनुगमन गरि निर्देशन दिन सक्नेछ।

## ८ खारेजी तथा बचाउ


उद्योग विभाग कार्य सञ्चालन दिग्दर्शन, २०७३ र औद्योगिक तथा लगानी प्रवर्धन बोर्डको २४१ औं वैठकको नर्म्स निर्धारण तथा पुनरावलोकन सम्वन्धी निर्णय तथा विभागवाट कच्चा पदार्थ खपत नर्म्स निर्धारण तथा पुनरावलोकन सम्वन्धी भए गरेका काम कारवाही यसै मापदण्ड वमोजिम भए गरेको मानिनेछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
उद्योग विभाग
अनुमती तथा दर्ता शाखा
त्रिपुरेश्वर, काठमाण्डौ

## अनुसूची -१

### दफा ४ को खण्ड (ख) सँग सम्वन्धित

### फ्लो चार्ट ( Flow Chart)



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
उद्योग विभाग
अनुमति तथा दर्ता शाखा
त्रिपुरेश्वर, काठमाण्डौ

## अनुसूची -२(क)

### दफा ५(क) सँग सम्वन्धित

### आवेदनको ढाँचा

मितिः-

श्रीमान् महानिर्देशक ज्यू,
उद्योग विभाग,
त्रिपुरेश्वर, काठमाण्डौ।

**विषयः- कच्चा पदार्थ खपत नर्म्स निर्धारण बारे ।**

उक्त सम्वन्धमा मेरो/ हाम्रो उद्योगको निम्न लिखित उत्पादनमा लाग्ने कच्चा पदार्थ खपत नर्म्स ............................................................ प्रयोजनका लागि निर्धारण गरी दिन अनुरोध गर्दछु / गर्दछौं ।

| सि.न. | उत्पादनहरू |
|---|---|
| १ | |
| २ | |
| ३ | |
| ४ | |
| ५ | |

आवेदक

दस्तखत -
नाम -
सम्पर्क नं. -

उद्योगको छाप-

<u>अनुसूची -२(ख)</u>

<u>दफा ५(ख)सँग सम्वन्धित</u>

<u>आवेदनको ढाँचा</u>

मितिः-

श्रीमान् महानिर्देशक ज्यू,
उद्योग विभाग,
त्रिपुरेश्वर, काठमाण्डौ।

**विषयः- कच्चा पदार्थ खपत नर्म्स पुनरावलोकन बारे ।**

उक्त सम्वन्धमा मेरो/ हाम्रो उद्योगको निम्न लिखित उत्पादनमा लाग्ने कच्चा पदार्थ खपत नर्म्स ......................................................प्रयोजनका लागि पुनरावलोकन गरी दिन अनुरोध गर्दछु / गर्दछौं ।

| सि.न. | उत्पादनहरू | नर्म्स पुनरावलोकन गर्नु पर्नाको औचित्य पुष्टयाईं |
| --- | --- | --- |
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |

<u>आवेदक</u>

दस्तखत -
नाम -
सम्पर्क नं. -

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
उद्योग विभाग
अनुमति तथा दर्ता शाखा
त्रिपुरेश्वर, काठमाडौं

उद्योगको छाप-

## अनुसूची -३

### दफा ५(क)(२) र ५(ख) (२) सँग सम्वन्धित

### कच्चा पदार्थ खपत नर्म्स निर्धारण तथा पुनरावलोकन सम्बन्धी आवेदन फारमको ढाँचा

१. उद्योगको नाम र ठेगाना रहेको स्थान -

२. सम्पर्क व्यक्तिको

नाम -

फोन नं. -

पत्राचारको ठेगाना -

३. उद्योगको स्वीकृत उदेश्य र वार्षिक उत्पादन क्षमता -

| सि.न. | उत्पादन हुने वस्तुको नाम | वार्षिक उत्पादन क्षमता | एकाइ |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

४. खपत विवरण कायम हुन माग गरेको उत्पादनको नाम –

५. उत्पादन प्रक्रिया चार्ट-

६. कच्चा पदार्थ खपत विवरण (प्रति ........के.जि. लिटर / मिटर वा अन्य एकाइ उत्पादनका लागि )-

**कच्चा पदार्थ खपत नर्म्स निर्धारण गर्न**

| सि.न. | कच्चा पदार्थको नाम | परिमाण | एकाइ |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय उद्योग विभाग अनुमती तथा दर्ता शाखा त्रिपुरेश्वर, काठमाडौं

<u>कच्चा पदार्थ खपत नर्म्स पुनरावलोकन गर्न</u>

| सि.न. | कच्चा पदार्थको नाम | स्वीकृत परिमाण | थप /घट | हाल कायम गर्न माग भएको परिमाण | एकाइ |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

७. खेर जाने वस्तुको विवरण

| सि.न. | उत्पादन प्रक्रियाको तह | खेर जाने वस्तुको प्रकार | | |
|---|---|---|---|---|
| | | परिमाण | एकाइ | व्यवस्थापन तरिका |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

८. उद्योगमा रहेको मुख्य मेसिन उपकरणहरूको विवरण

| सि.न. | मेसिनको नाम | संख्या |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

९. यस आवेदनमा उल्लेख भएको विवरण ठीक हो । फरक भएमा कानुन वमोजिम सहुँला बुझाँउला ।

उद्योगको छाप　　　　　　　　　　　　　　　　　　　　　　　　　　　　　　आधिकारिक दस्तखत

१०. संलग्न हुनुपर्ने कागजातहरू

अ) कच्चा पदार्थ खपत नर्म्स निर्धारण गर्न पेश गर्नुपर्ने कागजातहरू

| सि.न. | कागजातहरू |
|---|---|
| १ | उद्योगको अनुसूची -२क वमोजिमको आवेदन |
| २ | पूर्णरूपमा भरिएको विवरण सहितको अनुसूची -३ बमोजिमको फारम |
| ३ | उद्देश्य र क्षमता स्पष्ट खुल्ने उद्योग दर्ता प्रमाणपत्रको प्रतिलिपि |
| ४ | कच्चा पदार्थको गुणस्तर र उत्पादन प्रक्रियाको प्रविधि सहितको विवरण |
| ५ | पछिल्लो दुई आर्थिक वर्षको उत्पादन र कच्चा पदार्थ खपत विवरण |
| ६ | पछिल्लो दुई आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि |
| ७ | कच्चा पदार्थ खरिद तथा आयात प्रमाणपत्रको प्रतिलिपि |

आ) कच्चा पदार्थ खपत नर्म्स पुनरावलोकन गर्न पेश गर्नुपर्ने कागजातहरू

| सि.न. | कागजातहरू |
|---|---|
| १ | कच्चा पदार्थ खपत नर्म्स पुनरावलोकनको औचित्य पुष्टयाइँ सहितको अनुसूची -२ख वमोजिमको आवेदन |
| २ | पूर्णरूपमा भरिएको विवरण सहितको अनुसूची -३ बमोजिमको फारम |
| ३ | उद्देश्य र क्षमता स्पष्ट खुल्ने उद्योग दर्ता प्रमाणपत्रको प्रतिलिपि |
| ४ | कच्चा पदार्थको गुणस्तर र उत्पादन प्रक्रियाको प्रविधि सहितको विवरण |
| ५ | पछिल्लो दुई आर्थिक वर्षको उत्पादन र कच्चा पदार्थ खपत विवरण |
| ६ | पछिल्लो दुई आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि |

| | |
|---|---|
| ७ | कच्चा पदार्थ खरिद तथा आयात प्रमाणपत्रको प्रतिलिपि |
| ८ | यस अघि कायम भएको नर्म्स सम्बन्धी विभागको पत्रको प्रतिलिपि |